प.सं.: २०८१।०८२
च.नं.: २५२

मिति: २०८१।०९।२८

श्री कृषि विज्ञान संकाय
टीकापुर, कैलाली ।

**विषय: निर्णय पठाएको सम्बन्धमा ।**

सुदूरपश्चिम विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८१।०८।११ गतेको निर्णय त्यस संकायसँग सम्बन्धित भएकाले उतार गरी आवश्यका कार्यार्थ पठाइएको बेहोरा अनुरोध छ ।

.............................
(नविन बहादुर बम)
सहायक प्रशासक

निर्णय नं. ७

कृषि विज्ञान सङ्कायद्वारा तयार गरिएका संलग्न अनुसारको **Research, Practices and Seminar (RPS)** कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

संलग्न:

निर्णय नं. ८

कृषि विज्ञान संकाय अन्तर्गत सञ्चालित स्नातकोत्तर तहको संलग्न अनुसारको पाठ्यक्रम संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

संलग्न:



CamScanner

## Research, Practices and Seminar (RPS) कार्यविधि-२०८१

Research, Practices and Seminar (RPS) कार्यविधि-२०८१, सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय, कृषि स्नातक तहको आठौं सत्रान्तमा अध्ययनरत विधार्थीहरुलाई इन्टर्नसिप कार्यक्रममा अनुवन्ध गराउन सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकाय तथा मातहतका विभाग/स्कूल/क्याम्पसले सम्झौता गरेका नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरुमा इन्टर्नसिपको कार्य गर्ने गराउने तथा सम्बन्धित विभाग/स्कूल/क्याम्पसमा अनुसन्धान/उत्पादनमा आधारित RPS कार्य गर्ने प्रयोजनका निम्ति निर्माण गरी लागु गरिएको छ |

**१. परिभाषा**

१.१ **विधार्थी** भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायमा स्नातक तहको आठौं सत्रान्तमा अध्ययनरत विधार्थीहरु भन्ने बुझ्नुपर्दछ |

१.२ **कृषि विज्ञान संकाय** भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय र विभाग भन्नाले कृषि विज्ञान संकाय मातहतको स्कूल/विभाग/क्याम्पस बुझ्नुपर्दछ |

१.३ **RPS** भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको कृषि स्नातक तहको पाठ्यक्रम अन्तर्गत आठौं सत्रान्तमा रहेको Research, Practices and Seminar (RPS813) भन्ने बुझ्नुपर्दछ |

१.४ **इन्टर्नसिप** भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय र नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा विभिन्न सरकारी, गैरसरकारी निकायहरु तथा अन्य निजी संघसंस्थाहरु बिच सम्झौता भए बमोजिम सम्बन्धित निकायहरुमा रही तथा सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको अनुमतिमा विभिन्न निकायहरुमा रही कृषि स्नातक तहको आठौं सत्रान्त को पाठ्यक्रम अन्तर्गत रही Research, Practices and Seminar (RPS813) को प्रयोगात्मक अध्ययन तथा अनुसन्धान कार्यका निम्ति गरिने इन्टर्नसिप भन्ने बुझ्नुपर्दछ |

CamScanner

१.५ **अनुसन्धान/उत्पादनमा आधारित RPS** भन्नाले कृषि विज्ञान संकाय तथा मातहतको विभागमा नै रही कृषि स्नातक तहको अन्तिम सत्रान्तको पाठ्यक्रम अन्तर्गत रही Research, Practices and Seminar (RPS813) को प्रयोगात्मक अध्ययन तथा अनुसन्धान वा कुनै कृषि बाली/वस्तुमा आधारित व्यवसायिक उत्पादन कार्य भनि बुझ्नुपर्दछ |

१.६ **सुपरीवेक्षक** भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय सम्बद्ध विधार्थीहरुको खोज, अनुसन्धान तथा व्यवसायिक उत्पादन कार्यका लागी सुपरीवेक्षण कार्यका लागी जिम्मेवारी तोकेको ब्यक्ति भन्ने बुझ्नुपर्दछ |

१.६.१ **मुख्य सुपरीवेक्षक** भन्नाले इन्टर्नसिपका विधार्थीहरुको खोज, अनुसन्धान तथा व्यवसायिक उत्पादन कार्यका लागी प्रमुख जिम्मेवारीका निम्ति सुदूरपश्चिम विश्वविद्यालय अंतर्गत कृषि विज्ञान संकायका शिक्षकहरु मध्यबाट जिम्मेवारी प्रदान गरिएको ब्यक्ति भन्ने बुझ्नुपर्दछ |

१.६.२ **सदस्य सुपरीवेक्षक** भन्नाले सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकाय र नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुमा इन्टर्नसिपको कार्य गर्ने गराउने प्रयोजनका निम्ति भएको सम्झौताका आधारमा इन्टर्नसिपका विधार्थीहरुको खोज, अनुसन्धान तथा व्यवसायिक उत्पादन कार्यका लागी सहायक जिम्मेवारीका निम्ति उपर्युक्त संघसंस्थाहरुबाट खटाईएको ब्यक्ति भन्ने बुझ्नुपर्दछ |

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय तथा मातहतका विभागमा नै रही इन्टर्नसिपका लागी गरिने अनुसन्धान वा कुनै कृषि बाली/वस्तुमा आधारित व्यवसायिक उत्पादन कार्य र सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको अनुमतिमा विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरुमा इन्टर्नसिपको कार्य गर्ने गराउने प्रयोजनका हकमा सदस्य सुपरीवेक्षकको व्यवस्था गरिने छैन |

१.६.३ **कार्यक्षेत्र सुपरीवेक्षक** भन्नाले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय संग नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरुमा इन्टर्नसिपको कार्य गर्ने गराउने प्रयोजनका निम्ति भएको सम्झौता अनुरूप तोकिएको अधिकारी भन्ने बुझ्नुपर्दछ |

CamScanner

सम्बन्धित संकाय तथा मातहतका विभाग/स्कूल/क्याम्पसमा नै रही इन्टर्नसिपका लागी गरिने अनुसन्धान वा कुनै कृषि बाली/वस्तुमा आधारित व्यवसायिक उत्पादन कार्यका निम्ति कार्यक्षेत्र सुपरीवेक्षकको व्यवस्था हुने छैन |

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको अनुमतिमा विभिन्न निकायहरुमा रही स्नातक तहको अन्तिम वर्षको पाठ्यक्रम अन्तर्गत रही Research, Practices and Seminar (RPS813) को प्रयोगात्मक अध्ययन तथा अनुसन्धान कार्यका निम्ति न्यूनतम कृषि स्नातक उत्तीर्ण सम्बन्धित निकायका अधिकारीले कार्यक्षेत्र सुपरीवेक्षकको कार्य गर्न सक्नेछन | कार्यक्षेत्र सुपरीवेक्षकलाई कृषि विज्ञान संकायबाट पारिश्रमिकको व्यवस्था हुने छैन |

१.७ **वाह्य परीक्षक** भन्नाले RPS कार्यक्रमका विधार्थीहरुबाट गरिने अन्तिम प्रस्तुतिको मूल्याङ्कनका निम्ति विभिन्न विश्वविधालय, अनुसन्धान केन्द्र तथा कृषि विभाग संबद्द सम्बन्धित विषयविज्ञ भन्ने बुझ्नुपर्दछ |

**२. सुपरीवेक्षकहरुको काम कर्तब्य**

२.१ **मुख्य सुपरीवेक्षकको** प्रमुख काम कर्तब्यहरुमा इन्टर्नसिपमा रहेका विधार्थीहरुलाई अनुसन्धानका समस्या पहिचान गर्न सहयोग गर्ने, अनुसन्धान प्रस्तावनाको निर्माण तथा विकास गर्न सहयोग गर्ने, आवश्यक अनुसन्धानका कार्यहरु गर्न सहयोग गर्ने, इन्टर्नसिपमा रहेका विधार्थीहरुको कार्य मूल्याङ्कन गर्ने, आवश्यक सल्लाह तथा परामर्श गर्ने, तथ्यांक संकलन तथा बिश्लेषण गर्न सहयोग गर्ने, इन्टर्नसिप प्रतिवेदन तयार गर्न तथा प्रस्तुत गर्न सहयोग गर्ने इत्यादि हुने छन |

२.२ **सदस्य सुपरीवेक्षकको** प्रमुख काम कर्तब्यहरुमा विधार्थीहरुलाई अनुसन्धान प्रस्तावनाको निर्माण तथा विकास गर्न सहयोग गर्ने, आवश्यक अनुसन्धानका कार्यहरु गर्न सहयोग गर्ने , इन्टर्नसिपमा रहेका विधार्थीहरुको कार्य मूल्याङ्कन गर्ने, आवश्यक सल्लाह तथा परामर्श गर्ने, तथ्यांक संकलन तथा बिश्लेषण गर्न सहयोग गर्ने, इन्टर्नसिप प्रतिवेदनमा आवश्यक परिमार्जन गर्न तथा प्रस्तुत गर्न सल्लाह दिने र सहयोग गर्ने हुने छन |

CamScanner

२.३ **कार्यक्षेत्र सुपरीवेक्षकको** प्रमुख काम कर्तब्यहरुमा विधार्थीहरुको इन्टर्नसिप कार्य तथा अनुसन्धानका निम्ति उपयुक्त वातावरणको प्रबन्ध मिलाउन सहयोग गर्ने, इन्टर्नसिपमा आवद्ध विधार्थीहरुलाई प्रशीक्षित गर्ने, कार्य जिम्मेवारी दिने, विधार्थीहरुको हाजिरी लगत राख्ने, प्रमाणित गर्ने, इन्टर्नसिपमा रहेका विधार्थीहरुको कार्य मूल्याङ्कन गर्ने तथा अन्य आवश्यक कार्यका निम्ति विधार्थीहरुलाई आवश्यक निर्देशन गर्ने हुनेछन |

**३. विधार्थीहरुको कार्य विवरण**

क) सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकाय र नेपाल सरकार मातहत तथा प्रदेश एवं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुमा इन्टर्नसिपको कार्य गर्ने गराउने प्रयोजनका निम्ति भएको सम्झौता वमोजिमको अवधी सम्मका लागी प्रयुक्त स्थानमा रहेर कार्य गर्नु पर्ने

ख) खटिएको कार्यालय तथा सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकायबाट तोकिएको कार्य तथा जिम्मेवारीहरुको पूर्ण पालना गर्नु पर्ने

ग) सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकायको पाठ्यक्रमको मापदण्डका आधारमा अनुसन्धान प्रस्तावना, मध्यकालीन प्रतिवेदन, मिनी-थेसिस लेखन, सेमिनार, RPS813 विषयको आन्तरिक तथा अन्तिम परीक्षाका सम्पूर्ण कार्यहरु आवधिक रुपमा सम्पन्न गर्नु पर्ने

घ) इन्टर्नसिपका निम्ति खटाईएको कार्यालय तथा स्थानमा रही सम्बन्धित कार्यालयको दैनिक कार्यक्रम तथा सेवा प्रबाहमा आवश्यक सहजिकरण गर्ने

ङ) दैनिक रुपमा आफ्नो हाजिरी कायम गरी सो प्रमाणित गराउने र आवश्यकताका आधारमा अध्ययनरत संस्थामा बुझाउने

च ) सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकाय र खटाईएको संस्थासंग सम्बन्धित सुपरीवेक्षक/हरुसंग आवश्यक समन्वय गर्ने र प्राप्त भएको निर्देशन तथा सुझाब अनुरूप कार्यहरू गर्ने

CamScanner

छ ) सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकाय ले तयार गरेको ढांचामा विभिन्न प्रतिवेदनहरु तयार गरी सम्बन्धित सुपरीवेक्षक/हरुलाई अनलाईन माध्यमबाट बुझाउने

ज ) सेवामुलक, जानकारीमूलक, कृषि प्रबिधि मैत्री विभीन्न जानकारीहरु नेपाली भाषामा तयार गर्ने र सो को प्रसारमा सहयोग गर्ने

उपर्युक्त कार्य विवरणहरु विधार्थीहरुको इन्टर्नसिप तथा अनुसन्धान/उत्पादनमा आधारित RPS को प्रकृति अनुसार लागु हुनेछन |

**४. मूल्याङ्कन विधि**

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको कृषि स्नातक तहको पाठ्यक्रम अन्तर्गत आठौं सत्रान्तको अनिवार्य सैद्धान्तिक तथा प्रयोगात्मक कोर्ष Research, Practices and Seminar (RPS813) हो र यसको कुल क्रेडिट १+३ (सैद्धान्तिक+प्रयोगात्मक) रहेको छ | यो विषय को पूर्णाङ्क २५+७५ (१००) रहेको छ | प्रयोगात्मक अन्तर्गत विधार्थीहरुले RPS को अन्तिम प्रतिवेदन (मिनी-थेसिस) प्रस्तुतिकरण सेमिनारमा प्रस्तुत गर्नुपर्छ | विधार्थीहरुको अनुसन्धान प्रस्तावना, कार्यप्रगति, अनुसन्धान लेखन मूल्याङ्कन कार्य विभिन्न सुपरीवेक्षकहरुबाट संयुक्त रुपमा तपसिलको मूल्याङ्कन ढांचा अनुसार गरिने छ | विधार्थीहरुले अन्तिम प्रतिवेदन / मिनी-थेसिस प्रस्तुतिकरण सेमिनारमा आफ्नो प्रतिवेदन पेश गर्नु पर्नेछ | Research, Practices and Seminar (RPS813) विषयको सैद्धान्तिक (Theory) मूल्याङ्कन सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको कृषि स्नातक तहको पाठ्यक्रम अनुसार गरिने छ |

FAR WESTERN UNIVERSITY Estd. 2010

CamScanner

### ४.१ विधार्थीहरुको प्रयोगात्मक विषयको मूल्याङ्कन ढांचा

| विवरण | मुख्य सुपरीवेक्षक | सदस्य सुपरीवेक्षक* | कार्यक्षेत्र सुपरीवेक्षक* | इन्टर्नसिप व्यवस्थापन समिति* | बाह्य मूल्याङ्कन कर्ता | जम्मा |
|---|---|---|---|---|---|---|
| प्रस्तावना | ५ | - | ५ | ५ | - | १५ |
| प्रस्तावना सेमिनार | ५ | - | - | ५ | - | १० |
| मध्यकालीन प्रतिवेदन | १० | ५ | - | - | - | १५ |
| मध्यकालीन प्रतिवेदन सेमिनार | ५ | - | - | ५ | - | १० |
| अन्तिम प्रतिवेदन | १० | ५ | - | - | ५ | २० |
| अन्तिम प्रतिवेदन सेमिनार | - | - | - | - | ५ | ५ |
| कुल | ३५ | १० | ५ | १५ | १० | ७५ |

* सदस्य सुपरीवेक्षक र कार्यक्षेत्र सुपरीवेक्षक नभएको अवस्थामा उक्त मूल्याङ्कन कार्य मुख्य सुपरीवेक्षक, इन्टर्नसिप व्यवस्थापन समिति र बाह्य मूल्याङ्कन कर्ता बाट नै गरीने छ | सो अवस्थामा इन्टर्नसिप व्यवस्थापन समिति, बाह्य मूल्याङ्कन कर्ताको मूल्याङ्कन अंक तपसिल बमोजिम नै हुनेछ भने सदस्य सुपरीवेक्षक र कार्यक्षेत्र सुपरीवेक्षकको मूल्याङ्कन अंक मुख्य सुपरीवेक्षकको अंकमा योग गरिने छ | इन्टर्नसिपका विधार्थीहरुको मूल्याङ्कन प्रक्रियामा इन्टर्नसिप व्यवस्थापन समितिका संयोजक, संकाय अन्तर्गतको विभागीय प्रमुख र अनुसन्धान व्यवस्थापन समितिको संयोजक (अनुसन्धान व्यवस्थापन समिति नरहेको हकमा कार्यअनुभवको वरिष्ठताको आधारमा एक शिक्षक) उपस्थित हुनुपर्ने छ र विधार्थीहरुलाई अंक प्रदान गर्दा कम्तिमा २ जना मूल्याङ्कनकर्ताको मूल्याङ्कन अनिवार्य हुनेछ | इन्टर्नसिप व्यवस्थापन समितिका मूल्याङ्कनकर्ताले प्रदान गरेको औसत अंक विधार्थीहरुलाई प्रदान गरिनेछ |

FAR WESTERN UNIVERSITY Estd. 2010

CamScanner

**५. विधार्थीहरुले बुझाउनुपर्ने कागजात, प्रतिवेदन तथा अन्य आवश्यक कार्यहरु :**

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायबाट इन्टर्नसिप कार्यक्रममा समाबेश भएका विधार्थीहरुले इन्टर्नसिपको समयावधी भित्र विभिन्न प्रकारका कागजात तथा प्रतिवेदनहरु बुझाउनु पर्दछ |

५.१ सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय तथा मातहतको विभागबाट खटाईएको विभिन्न स्थानहरु तथा कार्यालयहरुमा विधार्थी हाजिर गरे पश्चात सो को जानकारी १ हप्ता भित्र पत्र मार्फत सम्बन्धित अध्ययन संस्थानमा गराउनु पर्नेछ |

५.२ सम्बन्धित कार्यालयमा हाजिर भए पश्चात या सम्बन्धित अध्ययन संस्थानमा अनुसन्धान सुरु गरे पश्चात १ महिनाको अवधी भित्र अनुसन्धान प्रस्तावना पेश गर्नु पर्नेछ | सो कार्य मुख्य सुपरीवेक्षक तथा अन्य सुपरीवेक्षकहरुको सल्लाह तथा निर्देशनमा सम्पन्न गर्नु पर्नेछ | सो पश्चात विधार्थीहरुको प्रस्तावना सेमिनारको प्रस्तुतिकरण हुनेछ | यस कार्यक्रममा मुख्य सुपरीवेक्षक, कार्यक्षेत्र सुपरीवेक्षक, इन्टर्नसिप व्यवस्थापन समिति अनिवार्य र सम्भव भएसम्म सदस्य सुपरीवेक्षक तथा अन्य सम्बन्धित विधार्थीहरुको सहभागिताको व्यवस्था गरिनेछ | सो कार्यक्रम तथा विधार्थीहरुको मूल्याङ्कन अनलाईन विधिबाट गरिनेछ |

५.३ मध्यकालीन प्रतिवेदन इन्टर्नसिपमा ख़टीएको ३ महिना भित्र बुझाउनुपर्नेछ | सो कार्य मुख्य सुपरीवेक्षक तथा अन्य सुपरीवेक्षकहरुको सल्लाह तथा निर्देशनमा सम्पन्न गर्नु पर्नेछ | सो पश्चात विधार्थीहरुको  मध्यकालीन प्रतिवेदन प्रस्तुतिकरण हुनेछ | यस कार्यक्रममा मुख्य सुपरीवेक्षक, सदस्य सुपरीवेक्षक, इन्टर्नसिप व्यवस्थापन समिति अनिवार्य र सम्भव भएसम्म कार्यक्षेत्र सुपरीवेक्षक तथा अन्य सम्बन्धित विधार्थीहरुको सहभागिताको व्यवस्था गरिनेछ | सो कार्यक्रम तथा विधार्थीहरुको मूल्याङ्कन अनलाईन विधिबाट गरिनेछ |

५.४ सम्बन्धित विधार्थीले अनुसन्धानको विषय/कृषि बालिसंग सम्बन्धित प्याकेज अफ प्राक्टिस नेपाली भाषामा लेखी ३ महिना भित्र बुझाउनुपर्नेछ |

५.५ सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय तथा मातहतका विभाग/स्कूल/क्याम्पसका RPS मा संलग्न सम्पूर्ण विधार्थीहरुले छ महिना भित्र अन्तिम प्रतिवेदन प्रस्तुति गर्नुपर्नेछ | सुपरीवेक्षण समिति र

CamScanner

बाह्य मूल्याङ्कन कर्ताको सुझावलाई समावेश गरेर ४ प्रति अन्तिम प्रतिवेदन / RPS Mini-thesis (hard copy winding) अन्तिम प्रस्तुति सेमिनार पछिको एक महिना भित्रमा पेश गर्नु पर्नेछ |

५.६ इन्टर्नसिपमा आवद्ध सम्पूर्ण विधार्थीहरुले हाजिर डायरी प्रमाणित गरी हाजिर प्रतिवेदन सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय तथा मातहतका विभाग/स्कूल/क्याम्पसमा पेश गर्नु पर्नेछ |

## ६. विधार्थीहरुको अनुगमन

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायसंग नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरु बिचको सम्झौतामा विभिन्न सुपरिवेक्षकको लागि सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय बाहेकको दोस्रो पक्षबाट दैनिक तथा भ्रमण भत्ता उपलब्ध हुने व्यवस्था नभएको स्थितिमा इन्टर्नसिपमा रहेका प्रत्येक विधार्थीहरुको कार्यक्षेत्रमा गरिने अनुगमन अनिवार्य हुने छैन | सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय मातहतको विभाग/स्कूल/क्याम्पसमा गरिने अनुसन्धान/उत्पादनमा आधारित इन्टर्नसिप कार्यका निम्ति सम्बन्धित विधार्थीहरुको अनुगमन मुख्य सुपरिवेक्षकले गर्नु पर्नेछ |

## ७. इन्टर्नसिप व्यवस्थापन समिति

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय मातहतको विभाग/स्कूल/क्याम्पसमा कृषि विज्ञान विषयमा स्नातक तह आठौं सत्रान्तका विधार्थीहरुको Research, Practices and Seminar (RPS813) विषयका निम्ति आवश्यक इन्टर्नसिप/अध्ययन-अनुसन्धान/उत्पादन कार्यक्रमलाई व्यवस्थापन गर्नका निम्ति कृषि विज्ञान संकायका डीन वा डीनले तोकेको व्यक्तिको संयोजकत्वमा एक इन्टर्नसिप व्यवस्थापन समिति रहनेछ | सो समितिले सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायमा कृषि स्नातक तह आठौं सत्रान्तमा अध्ययनरत विधार्थीहरुको खोज, अनुसन्धान, कृषि वालि उत्पादन तथा इन्टर्नसिप कार्यक्रमको व्यवस्थापन तथा मूल्याङ्कन गर्नेछ | सो समितिमा कृषि विज्ञान संकायका विभागीय प्रमुख, अनुसन्धान व्यवस्थापन समितिका संयोजक (अनुसन्धान व्यवस्थापन समिति नरहेको हकमा कार्यअनुभवको वरिष्ठताको आधारमा एक शिक्षक), विभागका आर्थिक शाखा प्रमुख पदेन सदस्य हुनेछन भने शिक्षकहरुमध्यबाट २ जना सदस्य हुने गरी बढ़ीमा ७ सदस्सीय इन्टर्नसिप व्यवस्थापन

CamScanner

समिति गठन हुने छ | यस समितिको सदस्य सचिबमा विभागका शैक्षिक/प्रशासनिक शाखा प्रमुख नियुक्त हुनेछन | सो समितिको कार्यकाल १ बर्षको हुनेछ |

## ८. विधार्थी छनौट

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय तथा मातहतको विभाग/स्कूल/क्याम्पसमा इन्टर्नसिप/अध्ययन-अनुसन्धान/उत्पादनका उपलब्ध अवसरहरुको वारेमा जानकारी विधार्थीहरुलाई अग्रिम रुपमा प्राप्त हुने | विभिन्न परियोजना तथा अनुसन्धानमा विधार्थी छनौटका निम्ति विधार्थीहरुले सम्बन्धित परियोजना/संस्था/क्याम्पस मध्य कुन संस्थामा रहेर अनुसन्धान/उत्पादनमा आधारित इन्टर्नसिप कार्यक्रममा सहभागी हुने हो, सो को आवेदन सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकाय मातहतको विभाग/स्कूल/क्याम्पसमा सम्बन्धित विधार्थीले बुझाउनुपर्ने छ | विधार्थीहरुको आवेदन तथा उपलब्ध अवसरको आधारमा विभिन्न परियोजनाका निम्ति विधार्थी छनौट गरिने छ | यदि उपलब्ध भएको कोटा भन्दा धेरै विधार्थीहरुको आवेदन पर्न गएमा प्रथम सत्रान्त देखि छैठौं सत्रान्त सम्मको परीक्षाफलको कुल GPA को मेरिटको आधारमा विधार्थी छनौट गरीनेछ | विधार्थीहरुको समान GPA हुन आएमा कुल प्राप्तांकलाई आधार मानी छनौट गरीनेछ | सम्बन्धित संस्था/परियोजनाको कार्य स्थान बर्गीकरण गर्नु पर्दा Microsoft Excel/ Randomization विधि प्रयोग गरिने छ | एक पटक निर्दिष्ट गरेको स्थान आपसी समझदारीमा अदल बदल गर्ने सुबिधा विधार्थीहरुका निम्ति हुने छैन |

## ९. सुपरिबेक्षकको छनौट

### ९.१ मुख्य सुपरीवेक्षकको छनौट

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायको RPS813 कार्यक्रममा समाबेश भएका विधार्थीहरुको अध्ययन, अनुसन्धान र खोजको प्रकृति हेरी कृषि विज्ञान संकायका शिक्षकमध्येवाट एक जना मुख्य सुपरीवेक्षक नियुक्ति गरिने छ | इन्टर्नसिप व्यवस्थापन समितिबाट एक जना शिक्षकलाई बढ़ीमा ८ जना र कम्तिमा ४ जना विधार्थी सुपरीवेक्षणका निम्ति जिम्मेवारी दिईनेछ | विशेष परिस्थितिका निम्ति इन्टर्नसिप व्यवस्थापन समितिका संयोजक वा कृषि विज्ञान संकायका डीनको लिखित स्वीकृतिमा प्रति शिक्षक सुपरीवेक्षण विधार्थी संख्या थपघट हुन सक्ने छ |

CamScanner

**९.२ सदस्य सुपरीवेक्षकको छनौट**

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायसंग नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरु बिचको सम्झौता वमोजिम सदस्य सुपरीवेक्षक छनौट गर्न सकिने छ |

**९.३ कार्यक्षेत्र सुपरीवेक्षकको छनौट**

सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान संकायसंग नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरु बिचको सम्झौता वमोजिम कार्यक्षेत्र सुपरीवेक्षक छनौट गर्न सकिने छ |

**१०. आर्थिक दायित्व र वितरण विधि**

सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकायसंग नेपाल सरकार मातहत तथा प्रदेश एबं स्थानीय सरकारका विभिन्न कार्यालयहरु तथा अन्य विभिन्न सरकारी, गैरसरकारी निकाय तथा अन्य निजी संघसंस्थाहरुसंग भएको सम्झौता वमोजिम सुपरीवेक्षकको पारिश्रमिक भुक्तानी गरिनेछ | द्विपक्षीय सम्झौता अनुसार नखटिएका विधार्थीहरुका हकमा सुदूरपश्चिम विश्वविधालय कृषि विज्ञान संकाय मातहतका विभाग/स्कूल/क्याम्पस या अन्यत्र कुनै संस्थामा अध्ययन अनुसन्धान/उत्पादनमा आधारित इन्टर्नसिपको हकमा सम्बन्धित विभाग/स्कूल/क्याम्पसले मुख्य सूपरिबेक्षक तथा अध्ययन संस्थानसंग सम्बन्धित अन्य खर्चहरु सुदूरपश्चिम विश्वविद्यालय आर्थिक नियमावली अनुसार आन्तरिक स्रोतबाट भुक्तानी गर्न सक्ने छ | सो को लागी कृषि स्नातक तहको आठौं सत्रान्तको विधार्थीहरुबाट आठौं सत्रान्तको शिक्षण शुल्कमा प्रयोगात्मक कक्षाको प्रति क्रेडिट रु. १,००० शुल्क थप भुक्तानी लीईनेछ | विभिन्न शीर्षकहरुमा आवश्यक खर्चहरु आन्तरिक स्रोतबाट भुक्तानी गर्न सक्ने गरी निम्न अनुसार राखिएको छ |



| क्र. सं. | विवरण | बाह्य संस्थाबाट आर्थिक सहयोग प्राप्त भई सम्झौता भएका परियोजना/संस्थाहरुका हकमा दर (प्रति विधार्थी) | सम्झौता अनुसार नखटिएका (आर्थिक सहयोग प्राप्त नभएको ) विधार्थीहरुका हकमा आन्तरिक स्रोतबाट खर्च हुने गरी दर (प्रति विधार्थी) |
|---|---|---|---|
| १ | मुख्य सुपरीबक्षक | सम्झौता वमोजिम | ६,०००/- |
| २ | सदस्य सुपरीबक्षक | सम्झौता वमोजिम | व्यवस्था नरहेको |
| ३ | कार्यक्षेत्र सुपरीवेक्षक | सम्झौता वमोजिम | व्यवस्था नरहेको |
| ४ | बाहय परीक्षक | सम्झौता वमोजिम | ५००/- |
| ५ | इन्टर्नसिप व्यवस्थापन समिति | सम्झौता वमोजिम | ५००/- |

CS CamScanner